# भाग ४

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

२०४४ साल वैशाख १ गतेदेखि ऐ चैत्र मसान्तसम्म वर्ष १ मा मन्त्रालय, अदालत, विभाग एवम् कार्यालयहरूलाई देहायबमोजिम सार्वजनिक एवम् पर्व बिदाहरू दिने श्री ५ को सरकारले निर्णय गरेको छ ।

१. हरेक शनिबार दिन – ५२ बाउन्न

(क) वैशाख ५, १२, १९, २६ दिन ४ चार
(ख) जेष्ठ २, ९, १६, २३, ३० दिन ५ पाँच
(ग) आषाढ ६, १३, २०, २७ दिन ४ चार
(घ) श्रावण २, ९, १६, २३, ३० दिन ५ पाँच
(ङ) भाद्र ६, १३, २०, २७ दिन ४ चार
(च) आश्विन ३, १०, १७, २४, ३१ दिन ५ पाँच
(छ) कार्तिक ७, १४, २१, २८ दिन ४ चार
(ज) मार्ग ५, १२, १९, २६ दिन ४ चार
(झ) पुष ४, ११, १८, २५ दिन ४ चार
(ञ) माघ २, ९, १६, २३ दिन ४ चार
(ट) फाल्गुन १, ८, १५, २२, २९ दिन ५ पाँच
(ठ) चैत्र ६, १३, २०, २७ दिन ४ चार

२. पर्व बिदाहरू :–

(क) नवबर्ष वैशाख १ गते मङ्गलबार दिन एक – १
(ख) ऋषि तर्पणी (रक्षा बन्धन) श्रावण २४ गते आइतबार दिन एक – १
(ग) वसन्त पञ्चमी माघ ९ गते शनिबार दिन एक – १
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)
(घ) महाशिवरात्रि फाल्गुन ४ गते मङ्गलबार दिन एक – १
(ङ) फागुपूर्णिमा फाल्गुन २० गते बिहिबार दिन एक – १
(च) चैत्र शुक्ल अष्टमी चैत्र १२ गते शुक्रबार दिन एक – १



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) रामनवमी चैत्र १३ गते शनिबार दिन एक – १
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(ज) सूर्य ग्रहण आश्विन ७ गते बुधबार दिन एक र चैत्र ५ गते शुक्रबार दिन एक गरी जम्मा दिन दुई – २

३. महिला कर्मचारीहरूको लागि मात्रः–

(क) हरितालिका (तीज) भाद्र ११ गते बिहिबार दिन एक – १

(ख) ऋषि पञ्चमी भाद्र १३ गते शनिबार दिन एक – १
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(ग) नारी दिवस ८ मार्च १९८८ तदनुसार फाल्गुन २५ गते मङ्गलबार दिन आधा – १।२

४. जात्रा बिदा (उपत्यकालाई मात्र)

(क) गाइजात्रा श्रावण २५ गते सोमबार दिन एक – १

(ख) इन्द्रजात्रा भाद्र २१ गते आइतबार दिन एक – १

(ग) घोडेजात्रा चैत्र ४ गते बिहिबार दिन एक – १

(घ) मच्छिन्द्रनाथको भोटो देखाउने दिन एक – १

५. दशैं बिदा :–

(क) घटस्थापना आश्विन ८ गते बिहिबार दिन एक – १

(ख) त्यसपछि आश्विन १३ गते मङ्गलबारदेखि आश्विन २० गते मङ्गलबारसम्म (फुलपातीदेखि कोजाग्रत पूर्णिमासम्म) दिन आठ – ८

६. तिहार बिदा :–

(क) लक्ष्मीपूजा कार्तिक ५ गते बिहिबार दिन एक – १

(ख) गोवर्धनपूजा कार्तिक ६ गते शुक्रबार दिन एक – १

(ग) भाइटीका कार्तिक ७ गते शनिबार दिन एक – १
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

७. दिवस बिदा :–

(क) संयुक्त राष्ट्रसंघ दिवस २४ अक्टोबर १९८७ तदनुसार कार्तिक ७ गते शनिबार दिन आधा – १।२
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(ख) शहीद दिवस माघ १६ गते शनिबार दिन आधा – १।२
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. श्री ५ महाराजाधिराज सरकार स्वदेश वा विदेशमा राजकीय भ्रमणमा सवारी होइबक्सँदा र फिर्ति सवारी होइबक्सँदा अधिराज्यभर बिदा ।

९. शुभ-जन्मोत्सव बिदा :—

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव नेपाल अधिराज्यभित्र पौष १४ गते मङ्गलबार दिन एक — १
नेपाल अधिराज्यबाहिर २८ डिसेम्बर १९८७ सोमबार दिन एक — १

(ख) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सव नेपाल अधिराज्यभित्र कार्तिक २२ गते आइतबार दिन एक — १
नेपाल अधिराज्यबाहिर ७ नोवेम्बर १९८७ शनिबार दिन एक — १
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

१०. शुभ-जयन्ती बिदा :—

(क) बुद्धजयन्ती वैशाख ३० गते बुधबार दिन एक — १
(ख) कृष्ण जन्माष्टमी श्रावण ३१ गते आइतबार दिन एक — १
(ग) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म जयन्ती पौष २७ गते सोमबार दिन एक — १
(घ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवस फाल्गुन ७ गते शुक्रबार दिन एक — १
(ङ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस पौष १ गते बुधबार दिन एक —१

११. हाजिर हुने र छुट्ने समय :—

मन्त्रालय तथा कार्यालयहरूको हकमा मार्ग, पौष र माघ ३ तीन महिना बिहान १० बजे हाजिर भै बेलुका ४ बजे छुट्ने बाँकी ९ नौ महिना १० बजे हाजिर भै बेलुका ५ बजे छुट्ने ।

१२. निम्नलिखित उत्सव समारोहमा उपस्थितिको निमित्त दिन, ठाउँ र समयमा सूचना भए बमोजिम गर्ने ।

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।
(ख) श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट टीका थाप्ने ।
(ग) श्री ५ महाराजाधिराज सरकारबाट वसन्त श्रवण गरिबक्सने दिन उपस्थित हुने ।
(घ) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।



430

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्मजयन्तीमा उपस्थित हुने ।

(च) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसमा उपस्थित हुने ।

(छ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसमा उपस्थित हुने ।

(ज) बडादशैं फुलपातीको दिन उपस्थित हुने ।

(झ) महाशिवरात्रिको बढाइँमा उपस्थित हुने ।

(ञ) घोडेजात्राको समारोहमा उपस्थित हुने ।

१३. माथि लेखिएबमोजिम बिदा पाउनेमा रोजानी काम हुने मन्त्रालय तथा कार्यालय-हरू जस्तैः– अस्पताल, रोपवे, तार, टेलिफोन, प्रहरी थाना चौकी, फायर बृग्रेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाक समेतमा काम काज रोक्न नहुने कार्यालयहरूका निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानूनबमोजिम रित पुऱ्याई मात्र बस्न पाइनेछ ।

टिप्पणी :– आधा दिन भन्नाले मार्ग, पौष र माघ ३ तीन महिनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महिनाका लागि दिनको १.३० बजे भन्ने सम्झनुपर्छ ।

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको सचिव

## सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय तनहुँका प्र.जि.अ. श्री माधवप्रसाद उपाध्याय घर बिदामा बस्नुभएकोले उहाँ हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका शाखा अधिकृत श्री उमाकान्त शर्मालाई मिति २०४३।९।२० देखि का.मु. मुकरर गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले जिल्ला कार्यालय जुम्लाका प्र.जि.अ. श्री रामानन्द मिश्र निर्वाचनसम्बन्धी गोष्ठीमा भागलिन नेपालगञ्जतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री बुद्धिराज घिमिरेलाई २०४३।१०।३ देखि का.मु. मुकरर गरेको छ ।

639



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

श्री ५ को सरकारले जिल्ला कार्यालय दाङका प्र.जि.अ. श्री रघुनाथ भण्डारी निर्वाचनसम्बन्धी गोष्ठीमा भागलिन नेपालगञ्जतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री मेघराज पाठकलाई मिति २०४३।१०।७ देखि का.मु. मुकरर गरेको छ ।

## सूचना ५

श्री ५ को सरकारले जिल्ला कार्यालय नवलपरासीका प्र. जि. अ. श्री रामचन्द्र उपाध्याय काजमा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख)ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री शरदकान्त अधिकारीलाई मिति २०४३।१०।१२ देखि का.मु. मुकरर गरेको छ।

## सूचना ६

श्री ५ को सरकारले जिल्ला कार्यालय ललितपुरका प्र.जि.अ. श्री विन्देश्वर-प्रसाद सिंह घर बिदामा बस्नुभएकोले उहाँ हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री श्रीवत्स आचार्यलाई मिति २०४३।१०।१६ देखि का.मु. मुकरर गरेको छ ।

आज्ञाले,
केदारनिधि तिवारी
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।